समर्पण

(गजल सङ्ग्रह)

जेन तमू (ज्ञानेन्द्र)

समर्पण
जेन तमू (ज्ञानेन्द्र)

जेन तमू (ज्ञानेन्द्र) को

गजल सङ्ग्रह



समर्पण

पुस्तक	:	**समर्पण** (गजलसङ्ग्रह)
गजलकार	:	जेन तमू (ज्ञानेन्द्र)
प्रकाशक	:	
भुमिका	:	डा. कृष्णहरि बराल
प्राविधिक सहयोगी	:	प्रकाश श्रेष्ठ
प्रेरणा	:	मोहराज शर्मा (मोहन)
वितरक	:	माया श्रेष्ठ - ९८४१९३४४१२
प्रथम संस्करण	:	वि. सं. २०६९
संख्या	:	१००० प्रति
सर्वाधिकार	:	गजलकारमा
मूल्य	:	ने.रु. १००।००
आवरण	:	रमेश पौडेल
लेआउट	:	रमेश दाहाल
मुद्रक	:	लुष प्रेस, काठमाडौँ, नेपाल, फोन ४७८२८२४, e-mail : lushapoudel@gmail.com
पाइने ठेगाना	:	

ISBN: 978-9937-2-4224-0

Samaparn: a collection of Nepali Gazal by
Jen Tamu (Gyanendra)



नेपाली गजलका पारखी तथा गजलप्रेमीहरुका लागि यो मेरो पहिलो गजल सङ्ग्रह समर्पण गर्दछु ।

समर्पणमा के छ ?

–डा कृष्णहरि बराल

अरबबाट फारसी, हिन्दी तथा उर्दू हुँदै मोतीराम भट्टको प्रयासबाट नेपाली भाषामा प्रवेश गरेको गजल अहिले नेपाली समाजमा निकै लोकप्रिय बनेको छ । स्वदेशमा बस्ने नेपालीहरू हुन् वा विभिन्न कारणवश विदेशमा गएर बसेका नेपालीहरू हुन् धेरैले आफ्नो भावनालाई गजलका माध्यमबाट अभिव्यक्त गर्न थालेको तथ्य गजल सङ्ग्रहहरूको प्रकाशनमा भएको बढौती र पत्रपत्रिका तथा रेडियो एफ.एम. हरूमा यसले पाएको विशेष स्थानबाट प्रमाणित हुन्छ । पुराना पुस्तकका मानिने कतिपय लेखकहरू पनि अहिले गजल लेखनमा सक्रिय देखिन्छन् भने नयाँ पुस्ताको आकर्षण यसप्रति अझ बढी भएको मैले पाएको छु । गजललाई माया गर्ने नयाँ पुस्ता मध्येका अरबलाई नै कार्य थलो बनाउने एक जना लेखकको नाम हो जेन तमू (ज्ञानेन्द्र) र उनको प्रस्तुत “समर्पण” गजल सङ्ग्रह नै यस्को जल्दो बल्दो उदाहरण हो ।

आफ्नो चिता जल्दा या भनूँ आफू चितामा जल्दा धोका दिने मायालु भनाउँदीको मुटु पनि जलोस् भन्ने आक्रोशयुक्त गजलबाट प्रारम्भ गरिएको उनको यस सङ्ग्रहमा शीर्षक अनुरूपमा दुई गजल पनि समावेश गरिएका छन् र यी मध्ये पहिलोलाई उनी जुनीप्रति समर्पण गरिएको छ भने अर्को चाहिँ बहुजाति र बहुधर्मी देशप्रति समर्पित छ । पल्टनमा काम गर्नेहरूको दुःखलाई पनि उनले केही गजलमा समेटेका छन् भने प्रेका

गजलहरू पनि यस सङ्ग्रहभित्र प्रशस्त छन् । हजारौँ हजारमा आफूले रोजेकी मायालुले धोका दिए जोगीसम्म बन्न सक्ने भाव पनि यसमा प्रकट गरिएको छ भने कालीको यादले भिजेका आँखाहरूको बयान पनि यसै सङ्ग्रहमा पढ्न पाइन्छ । यिनको गजलमा मोबाइल संस्कृतिको पनि प्रयोग गरिएको छ र आफूलाई मन परेको मान्छेले मिस कल हान्दा पनि मजा लाग्ने कुरा यहाँ बताइको छ ।

तमूले विदेश बस्दाको अनुभूतिलाई पनि केही गजलमा पोखेका छन् । मायालुलाई एक्लो नपार्नका लागि छिट्टै फर्केर आउने वाचा उनले केही गजलमा गरेको देखिन्छ भने आफ्नी भनाउँदीलाई भेट्न नपाएको र त्यसमा पनि उस्को सन्देशसमेत नआएकामा उनले चित्त दुखाएको पनि पाइन्छ । जीवनसँग सम्बन्धित गजलमा भने तमूले फूलजस्तो जिन्दगी भारी भएकामा असन्तोष प्रकट गरेका छन् ।

तमूका गजलमा विषयवस्तुगत भिन्नता पाइन्छ र यी विषयहरूलाई यिनले छोटो तथा मझौला आक्षरिक लयमा व्यक्त गरेका छन् । काफिया प्रयोगका सन्दर्भमा पनि यिनले सचेतता देखाएको पाइन्छ भने रदिफको प्रयोग पनि यिनले होसियारी साथ गरेका छन् । यिनका गजलमा सरल तथा सहज भाषाको प्रयोग पाइन्छ र यी जटिल बनेका छैनन् । यी गजलहरूले उनको भावी लेखनको सौन्दर्य पक्षलाई सङ्केत गरिरहेको मैले पाएको छु ।तमूलाई प्रस्तुत समर्पण गजल सङ्ग्रहका लागि बधाई दिँदै लेखनको निरन्तरताको लागि म हार्दिक शुभ कामना दिन्छु ।

website : www.khbaral.com

शुभकामना

नेपाली साहित्यका विभिन्न बिधाहरूमा कलम चलाउँदै गजलमार्फत् नेपाली साहित्यमा उदाउन चाहने गजलकार जेन एकाएकै समर्पण गजल सङ्ग्रह लिएर बजारमा आउने खबरले मन निकै प्रफुल्लित छ । फेसबुक भित्तामार्फत् गराएको हाम्रो भेट अनि फेसबुकबाटै राम्रोसँग नियाल्ने मौका पाएको थिएँ जेनका गजलहरू, यसरी घरदेशदेखि निकै टाढा पर देशमा रहेर सिर्जित गजल सङ्ग्रह 'समर्पण'मा नेपाली माटोको माया, समसामयिक नेपाली स्थितिको चिन्तन परदेशीका पीडाहरू कहीँकतै मायालुको यादमा कोरिएका गजलहरू सजिलै बुझ्न सकिने, जति पढ्यो उति पढौँ पढौँ लाग्ने रसिला र दमदार गजलहरूमा भावको सुन्दरता, मधुरता, माधुर्यता र अर्थहरू छन् । कलिलो ठिटोका पाका गजलकहरूको सँगालो 'समर्पण' भित्रका मर्मस्पर्शी गजलहरू निकै व्यस्त समयका बाबजुद् पीडा र दुःख र अभावै अभावले चुट्दा सिर्जित मनमा उब्जेका भावनाहरूको सँगालोले गजलकार जेनलाई नेपाली गजल क्षेत्रमा दह्रो पाइला टेकाउने छ । साहित्य यात्रामा निस्किएका गजलकार नेपाली साहित्यमा स्थापित एवम् सफल सक्षम एवम् लाखौँ लाख पाठकको मन जित्न सफल होउन् साथै आगामी दिनमा पनि यस्तै मर्मस्पर्शी शब्दहरूले बुनिएका सङ्ग्रह पढ्न पाइयोस्, निरन्तरताको लागि आग्रह गर्दै जेनजीको साहित्यक यात्रा सुगम अनि सफल बनोस्, प्रवासमा बसेर गजलमा पोखिएको नेपाली मनलाई बधाई तथा शुभकामना !

मोहराज शर्मा मोहन
अध्यक्ष
स्मृति साहित्य सङ्गम
धुल्लु बास्कोट बाग्लुङ

शुभकामना

नेपाली गजलको विकासमा टेवा दिँदै आएका गजलकार जेन तमूज्यूसँग फेसबुकमार्फत् भेट भयो । साहित्य आदान-प्रदान चिन-जान पनि यसैमा सीमित छ । फेसबुकमा चिनजान भएपनि साहित्यको एकआपसमा जानकारी हुँदै आएको छ । उहाँले नै प्रकाशनमा ल्याउन लाग्नुभएको गजलसङ्ग्रह 'समर्पण' उहाँको पहिलो प्रयास भए तापनि अति सुन्दर लयात्मक अभिव्यक्ति दिएर गजलविधामा उदाएका छन् । अत्यन्त सुन्दर पुष्प-रूपी शब्दहरू पस्कदै सुन्दर सिर्जना गरी सबै पाठकको मन जित्ने आशामा मातृभूमिको यादमा तड्पिँदै दिन-रात परिश्रममा जुटी थोरै समयमा गजलसाहित्य कोर्नु भएको छ । यहाँको लामो साहित्य यात्राको कामना ।

हजारौँ आरोह अवरोहसँग जुध्दै जिन्दगीको यात्रामा नेपाली साहित्यको बिकासमा इँटा थप्न लाग्दै हुनुहुन्छ । आउँदा दिनमा उहाँका अझ उत्कृष्ट सिर्जनाहरूको सँगालो पढ्न पाउँ । नेपाली साहित्यको आकाशमा ध्रुवतारा बनी चम्कन सफल हुनुकासाथै यस सङ्ग्रहको माध्यमबाट सम्पूर्ण गजलप्रेमी पाठकको हृदयमा बस्न सफलताको शुभकामना व्यक्त गर्दछु ।

पशुपति अविरल

स्रष्टाको कलमबाट

सैद्धान्तिक ज्ञान, रुचि हुँदैमा कुनै पनि विधामा व्यक्ति पारङ्गत हुँदैन । जब मान्छेलाई दुःख, पीडा, वेदना, धोका, ईर्ष्या, हर्ष, उत्सवहरूले कोटी–कोटी घचेट्छ उही व्यक्तिको मन सुनामीझैँ भावनाको सागरमा बहन्छ। अनि एउटा जीवन्त भएर सिर्जना जन्मिन्छ। समाज व्यक्ति राष्ट्रले भन्लान्– यो पागल हो । मलाई त्यो पनि सह्य छ । म पागलै हुँ र पो भावना छताछुल्ल पार्न सम्भव भएको छ। पागल मन, पागलै भावना, पागलै गजल ।

म मान्छेलाई विश्वास गर्छु तर ऊ धोका दिन्छ ,हावाको सर्सराहट र प्राकृतिक छटामा लुकामारी खेल्न खोज्छु, ऊ भन्छ– तेरो समय छैन । म आफ्नै जन्मभूमिमा दुःख गर्न चाहन्थेँ । राष्ट्रमा त्यस्तो वातावरण छैन । नौ डाँडा, सात समुद्र पर जा भन्छ, धकेलिन्छ । फूल फुलाउन खोज्छु त्यो पनि काँडा भइदिन्छ । फेरि खोली तर्न खोज्छु, महासागर भई फैलिदिन्छ । पीडा सहन खोज्छु, व्यथा झन् बढिदिन्छ। म उज्यालोतिर लम्कन्छु, चन्द्रग्रहण लागिदिन्छ सोही रात, नौनीजस्तो व्यक्ति जसलाई म सद्भाव राख्दछु, हतार-हतार ऊ पनि पत्थरमा बदलिदिन्छ। हो यिनै लाखौँ मान्छेहरूको भीडमा म पनि बिटुलो कहाँ छु र ? जीवन झेल्न कठिन् छ, र पो मलाई गजल लेख्न मन लाग्छ। एउटी आमाले महिनौँसम्म प्रसव पीडा सही, दुःख कष्टसँग जुध्दै जन्माएको बच्चाजस्तै मैले आज सफल जन्म दिएकोछु पहिलो सन्तान “समर्पण” गजल सङ्ग्रह न भाले, न पोथी ! मात्र मेरो पहिलो सन्तान ‘समर्पण’ हो ।

जिन्दगी न हो सफलता मात्र कहाँ हुन्छ र ? मान्छेमा, तर धोकाले जन्माएको सिर्जनारूपी गजल होइन । जसमा मानवजगत्को व्यावहारिक यथार्थ समेट्न खोजेकै छु । चाहे कल्पनामा चुमेर, सम्झनामा झुमेर, या त, पुतलीझैँ फूलमा घुमेर । त्यो त म पनि भन्न सक्दिनँ । यसरी जानेर पनि अबोध भई मदहोश र अन्जानमा तरङ्गित भई जन्माएको साहित्यिक सन्तान हो यो 'समर्पण' । जसमा गजलको नियम, संरचना, अलङ्कार, भाव, लय, शिल्पमै केन्द्रित भएर सिङ्गो गजल सङ्ग्रह निर्माण गरेकोछु । फूल, काँडा, पत्थर, अत्तर, प्रकृति, व्यक्ति र राष्ट्रप्रति भावनात्मक अर्पण हो यो । 'समर्पण' गजल सङ्ग्रह पाठकहरूले यो पूरै किताब पढिसकेपछि यही अनुभूति प्राप्त गर्नेछ । ताली वा गाली अमूल्य सुझाव, सल्लाह आदरणीय पाठकवर्गहरूकै हातमा टक्र्याएकोछु ।

जसले जन्माए, पाले, हुर्काए, बढाए अनि जीवनको रङ चिनाए, ती आदरणीय पितामातालाई म सधैँ सम्झन्छु । सर्वप्रथमतः मलाई गजल लेखनको सुरूवातदेखि नै गजल राम्रो छ, लेख भनेर हौशला दिनुहुने दादा इन्द्र गुरूङ, सोल्टी सुरेश गुरूङ, भान्जा अर्जुन गुरूङ र साथीहरू दिलीप राई, विजय तामाङ, राजेन्द्र लामा, श्याम रेश्मी र यसै गजल सङ्ग्रहको वितरक तथा दिदी माया श्रेष्ठलाई पनि सम्झन्छु । म परदेशमा रहिरहँदा पनि फेसबुकमार्फत् भेट भएको साहित्यिक गुरु अथवा प्रेरणाको स्रोत मोहराज शर्मा, जसले म परदेशमा रहे पनि काठमाडौंमा किताब निकाल्ने चाँजो-पाँजो मिलाइदिनुहुने उहाँप्रति विशेष धन्यवाद प्रकट गर्दछु । गजलको पाण्डुलिपि सङ्कलन गर्नुहुने प्रकाश श्रेष्ठज्यू अनि विशेष गरी कृतिको आवरणदेखि किताबको आकृति विन्यास, छपाइको लागि प्रेस अथवा हरेक काममा सघाउनुहुने रेडियो नेपालका गीतकार, प्रस्तोता तथा कूचीकार रमेश पौडेल दादालाई हृदयदेखि नै धन्यवाद छ । उहाँले अमूल्य समय मिहिनेत नखर्चेको भए यो सङ्ग्रह यस्तो रूपमा आउने थिएन ।

अन्त्यमा, एक दुई पटकमात्र होइन कैयौँ पटक पढेर आफ्नो समालोचकीय दृष्टिसहित भूमिका लेखिदिनुहुने चर्चित गजलकार गीतकार डा.कृष्णहरि बराल सर, जसले मजस्तो नवप्रतिभाको कृतिमा अमूल्य शब्द

छताछुल्ल पारेर यो किताबको शोभा बढाउने काम गर्नुभएको छ । उहाँलाई पनि शब्द-शब्द उनेर गलामा माला पहिऱ्याउँछु । त्यस्तै शुभकामना लेख्नुहुने रेडियोका पशुपति पराजुली, मोहराज शर्मालगायत सबैलाई पुनः धन्यवाद ज्ञापन गर्दछु । जदौ ! जय नेपाली साहित्य, जय नेपाली गजल !

जेन तमू (ज्ञानेन्द्र)
माघ २७, शुक्रबार २०६८
साउदी अरब

विषयसूची

लाख बत्ती बलोस् तिम्रो	१५
भावना यो मेरो	१६
देशप्रति समर्पण	१७
आजै पल्टन सऱ्यो	१८
माला लगाई त्यसैको	१९
मायाले नै भन्छ्यौ भन	२०
चयन छैन मेरो	२१
तिमी मेरो नभए	२२
भारी भयो जिन्दगानी	२३
घटाऊँ कसोरी	२४
चिप्ल्यो मेरो नजर	२५
छिन्न ला'को कम्मर	२६
बाला तिम्रो	२७
जोगी बन्छु	२८
बिहे हुँदा तिम्रो	२९
स्वर्ग नर्क सबै	३०
माया अन्तै लायौ	३१
आ'को बाटो	३२
रुवाउँदिनँ म	३३
रोजी उनी	३४
मेरो देश	३५
बिर्सनेलाई सम्झन्छु	३६
रुवायो हँसाउनेले	३७
मनै फाटेर पो हो कि ?	३८
ल्हासो सम्दी ल्हासो	३९
आजकल मलाई	४०
माइतै घर पार्वती	४१
पानी भएँ तिम्रो	४२
जताततै तिमी	४३
इन्जो इन्जो चाइनेजो	४४
मध्याह्नमा याद बनी	४५

जानुभन्दा पर पर ४६
म त लाहुरे ४७
छन्द हौ तिमी ४८
रगत रातै सबैको ४९
तिम्रै हातले सुनपानी ५०
जूनलाई थाहा छ ५१
माया प्रेम मैले नि ५२
छड्के सलाम ५३
मलाई मन पर्ने मान्छे ५४
कस्तो रीति ५५
साली खोज्दाखोज्दै ५६
आजभन्दा हिजो ५७
सिन्दूर चुरा हेरी बस ५८
लड्नु परे लड्छु ५९
खाए खाऊ ६०
अब फोनै नगर भो ६१
आफन्तको के कुरा ६२
नदेऊ जोबन ६३
उता झरी होला ६४
बर्बराउँदा पागल भने ६५
धोका दियो नभन्नु ६६
यथास्थितिमा छ क्रान्ति ६७
व्यर्थै आरिस किन ? ६८
बिरानो ठाउँमा छु ६९
याद तिम्रो नासो भो ७०
अघाएर नजाऊ छोडी ७१
सार पाइनँ मैले ७२
आउँछौ किन ७३
पानपाते फुली ऐ ठुली ७४
लाली हुँ म ७५
दिलैबाट हटाऊ अब ७६
त्यै खेलमा परेँ म ७७
मुटु गाँठो पारी आएँ ७८

सानो घर छैन ७९
माया मार्न किन सक्थें ८०
दियो बाली हेरें ८१
अमर हुन्छ माया ८२
कोपिलामै च्याती दियौ ८३
तिमीलाई रुनु पर्ला ८४
याद आयो ८५
यति चोखो माया नि ८६
आखिर एक्लै हुनुपर्ने ८७
खडेरीलाई होला ८८
परेली त्यो भर्न पाऊँ ८९
भन्दिन है म ९०
फेवातालको आँगनीमा ९१
प्यासको पानी हौ तिमी ९२
ठन्डी भा'को छ अचेल ९३
फर्की आऊ है परदेशी ९४
सात समुन्द्र तरी आएँ ९५
याद आउँदा तिम्रो ९६
धेरै धेरै बाँच्नु तिमी ९७
अब हामी भेट्ने दिन ९८
धर्ती घर आकाश छानो ९९
सुनिबसेकी छु १००
फूल हो कि जून तिमी १०१
रोदीमा छैन रोजी १०२
मान्छे सोह्र साले १०३
थर सोधेँ मैले १०४
यो सम्झिने मन छ १०५
सिसा सरी फुट्दा १०६
फाटेर प्रेम पत्र १०७
आँखाबाट अश्रुधारा १०८
रूपै मायालु १०९
सिउँदो खाली ११०
गोधूलि रातै बेइमानी १११

लाख बत्ती बलोस् तिम्रो

जल्दाखेरि चिता मेरो लाख बत्ती बलोस् तिम्रो
मलाई दे'को मुटु पनि त्यसैमाथि जलोस् तिम्रो।

सास त मेरो छैन छैन लासै भयो उपहार,
कोटी कोटी छ है बधाई फुलोस् फलोस् तिम्रो।

नौमती मा बेहुली तिमी जोरशङ्खमा मै पनि,
चल्दा कोमल पैताला पुष्प घैला ढलोस् तिम्रो।

यस्तै भयो यो जुनी पुनर्जन्म भए सँगै हुनि,
पराईसँग भए नि हाँसी खुसी चलोस् तिम्रो।

झल्कोस् चित्र विचित्र फूलको बहारभित्र,
इर्ष्या गर्ने दुनियाँ त्यो टाढैदेखि छलोस् तिम्रो।

भावना यो मेरो

भावना यो मेरो, जुनीप्रति समर्पण
झङ्कार मनको, उनीप्रति समर्पण

सिर्जनामा रम्छु, जीवन अर्पण गर्छु,
मन चोरी टाढा, हुनिप्रति समर्पण

तिमी छैनौ र पो, कवि भएँ धन्य तिमी,
भन्दिनु है त्यही, गुनीप्रति समर्पण

दुखियाको घरको, दिए एउटै धर्को,
पानपाते शब्द, खुनीप्रति समर्पण

आफू हाँसे संसार हाँस्छ, र रुँदा एक्लै,
हाँस्ने छुट्टै बाँकी, रुनिप्रति समर्पण।

देशप्रति समर्पण

बहु जाति, बहु धर्म, देशप्रति समर्पण
बहु भाषा, बहु भाषी, भेषप्रति समर्पण

अखण्ड यो सुन्दर शान्त, नेपाल हाम्रो देश,
देशभक्ति, राष्ट्रभक्ति, त्यसप्रति समर्पण

शीरजस्तै सगरमाथा, मोतीदन्ते हिमाल ,
झरना त्यो नागबेली, केशप्रति समर्पण

हिमाल, पहाड तराई, कोही छैन पराई,
उच्च–नीच हैन, समावेशप्रति समर्पण

अग्रगामी सार्वभौमी, वीरहरूकै देन हो,
महान सहिद सबै, शेषप्रति समर्पण।

आजै पल्टन सऱ्यो

आजै पल्टन सऱ्यो, पूर्व वाहिनी गणमा !
गरी गरी लेफ्ट राइट, आए नि गणमा !

एउटा हातमा थ्रिनेट, अर्कोमा ग्रीनेट,
नूनपानी सरकारको, खाए नि गणमा !

चार बजे मर्निङ, जानुपर्छ म रनिङ,
देशको लागि साह्रै दुःख, पाए नी गणमा !

देशको माया छातीमा, न त निद्रा रातिमा,
हिमाल पहाड घन्काई, गाए नि गणमा !

कि त मार्छु, कि मर्छु, अघि–अघि तर बढ्छु,
बादल जस्तै दुस्मनले, छाए नि गणमा !

माला लगाई त्यसैको

माला लगाई त्यसैको, गोली लिई हिंड्नुपर्छ
खच्चरसरि पिठ्यूँमा, झोली लिई हिँड्नुपर्छ !

नौ जवान हौँ हामी, देशको लागि सेवा गर्ने,
दुस्मन मार्ने, कि मर्ने, बोली लिई हिँड्नुपर्छ !

वीरका छोरा वीरै हौँ, पछि हट्न जान्या छैन,
रङ्ग खेली रगतकै, होली लिई हिँड्नुपर्छ !

कति साथी सहिद भए ,कति घाइते यहाँ,
आफै बोक्ने बाँसको यो, डोली लिई हिँड्नुपर्छ !

पूर्व मेची महाकाली, जितको झन्डा उचाली,
अत्याधुनिक विशेष, टोली लिई हिँड्नुपर्छ !

मायाले नै भन्छ्यौ भन

मायाले नै भन्छ्यौ भन, जोगी पनि हुन्छु नि म
रोज्नु परे हजारौँमा, तिमी एक चुन्छु नि म

आए पनि सयौँ बाधा, भै बाँचुला कृष्ण राधा,
हाँस्दा तिमीसँगै हाँस्छु, रुँदासँगै रुन्छु नि म

दुई किनाराको के कुरा, तिमी बिना अधुरा,
टाढा हुँदा एकै पल, आँखी डिल धुन्छु नि म

तिमी बिम्ब मै हुँ छाया, राखे मुटु दायाँ–बायाँ,
तिम्ले हिँड्ने गोरेटोको, माटोमाथि खुन्छु नि म

माया गर्छु तिम्रै कसम, ढाँट्या भए भस्म,
गर्छेऊ गर परीक्षा, तामा पित्तल छुन्छु नि म।

चयन छैन मेरो

कालो तिम्रो यादले, चयन छैन मेरो
नभिजेको अचेल, नयन छैन मेरो

आकाशको तारा गन्छु, निस्किएर राति ,
दिनमा भोक रातको, शयन छैन मेरो

वारिपारि पाखा, जुन दिन भयौँ हामी,
गाउँघरमा कुनै, बयन छैन मेरो

मुढ्याइदिन्छ, अचानोले खुकुरी नै म,
के अर्थ र त्यसको नि, पयन छैन मेरो

दिन ढलेर मधुरो, र पो म अधुरो,
तिमीबिना चम्किने, मयन छैन मेरो ।

तिमी मेरो नभए

तिमी मेरो नभए, फर्किन्नँ म तिम्रो देशमा
यतै मर्छु अकेला, पर्खिन्नँ म तिम्रो देशमा !

बसेकोछु म आँसु झारी, सात समुद्रपारि,
तिम्रो खुसी पखाल्न, दर्किन्नँ म तिम्रो देशमा !

धर्ती छोडि आकाशमा, मरे फिर्ता बाकसमा,
सुनपानी र पनि, छर्किन्नँ म तिम्रो देशमा !

हल्ला तिम्रो नराम्रो, सुनेर नै दिल भो चाम्रो,
पत्थरसरि दिल, चर्किन्नँ म तिम्रो देशमा !

मन मरेर चङ्गासरि, उड्छ आकाशभरि,
पासै लाऊ गलामा, सर्किन्नँ म तिम्रो देशमा !

भारी भयो जिन्दगानी

आफैलाई आफू., भारी भयो जिन्दगानी
हिँड्नै गाह्रो, काँडाघारी भयो जिन्दगानी !

श्वासै फेर्न गाह्रो, भा'छु घिटीघिटी फेरि,
कति साह्रो, महामारी भयो जिन्दगानी !

न त फुल्न न झुल्न, सक्यो यहाँ म अझै,
दुबोघारी, बाँझो बारी भयो जिन्दगानी !

शान्तिसँग बाँच्न दिन्न, न त काल लान्छ,
एकाएकै, कर्फ्यू जारी भयो जिन्दगानी !

आउँछ सबै धोका दिन्छ, रुवाई जान्छ,
जे जे गर, सरकारी भयो जिन्दगानी !

छिनेको'छ मेरै, दुई मन जोड्ने पुल,
खोलीबीच, वारिपारि भयो जिन्दगानी !

घटाऊँ कसोरी

भन्नेलाई त सजिलो माया, घटाऊँ कसोरी
बिर्सनलाई छ गाह्रो माया, फटाऊँ कसोरी !

कागज न हो फोटो, जलाउ भन्यो, जलिसक्यो,
आखाभरि आउने, तस्बिर हटाऊँ कसोरी !

प्रेमको अग्निमा, आहुति भो, ज्यान मेरो सबै,
सम्झना त खरानी भो, याद पठाऊँ कसोरी !

हाम्रो अतीत, तगारो नहोस्, तिम्रो बाटोमा,
भनेर नै दिन काट्छु, रात कटाऊँ कसोरी !

थियौँ तिमी, कुनै बेला, मनकारी मनैभित्र,
त्यही दिलमा, पराई मान्छे खटाऊँ कसोरी ।

चिप्ल्यो मेरो नजर

चिप्ल्यो मेरो नजर, गरम तिम्रो रूपमा
कपासझैँ हलुका, नरम तिम्रो रूपमा

सप्तरङ्गी इन्द्रेणी, बादलुको घुम्टोभित्र,
घुम्टो खोली के रङ्ग, भरम तिम्रो रूपमा

गुलाबझैँ तिम्रो ओठ, रेशमी तिम्रो केश,
बहार भै वसन्ती, झरम तिम्रो रूपमा

गजल लेखुँ कविता, हेरी तिम्रो अस्मिता ,
कुन शब्दले आज्ञा, परम तिम्रो रूपमा

दैव पनि के उदेक, फुर्सदैमा बनाकी,
भएँ म त बाँचु कि, मरम तिम्रो रूपमा

के छैन सबै छन्, तिमीमा भोकमा भोजन,
मिल्छ भने बसाइँ, सरम तिम्रो रूपमा ।

छिन्न ला'को कम्मर

छिन्न ला'को कम्मर, मर्काई नाच तिमी
खस्न ला'को फरिया, सर्काई नाच तिमी

मयूरको चाल चोरी, कोइलीको भाका,
छम्म छम्म कल्की त्यो, लर्काई नाच तिमी

सा रे ग म प ध नि सा, सुर ताल राग,
चन्द्रमुखी मुहार, फर्काई नाच तिमी

चन्द्रवदन पाखामा, हुर्र हा भाकामा,
फूलमञ्जरी बास्ना, छर्काइ नाच तिमी

जलपरी, भावमञ्जरी, केशकिन्नरी,
कर्कलामा पानीझैँ, तर्काई नाच तिमी ।

बाला तिम्रो

हातैभरि टम्म, बाला तिम्रो
हाँस्दा खाल्टो पर्ने, गाला तिम्रो !

छम्म छम्म नाच्छौ, मयूर झैँ,
हाँसझैँ हिँडाइ, चाला तिम्रो !

टम्मै, गलादेखि छातीसम्मै,
धपक्कै के राम्रो, माला तिम्रो !

मरेँ म त भुतुक्कै, त्यसैले,
कर्के आँखा झनै, भाला तिम्रो !

सान्नानी, ढलमल जवानी,
सम्हाले है, पोखी जाला तिम्रो !

जोगी बन्छु

घोगी बन्छु, कि त मर्छु, छोड्यौ भने तिम्ले
जोगी बन्छु, कि त मर्छु, छोड्यौ भने तिम्ले !

दिनरातै पिरमा, हुन्न मन थिरमा,
रोगी बन्छु, कि त मर्छु, छोड्यौ भने तिम्ले !

वाचा हाम्रो टुटे, पानी बिना मर्छ माछी,
योगी बन्छु, कि त मर्छु, छोड्यौ भने तिम्ले !

बोतलभित्र, पाउँछु तिम्लाई सचित्र,
धोगी बन्छु, कि त मर्छु, छोड्यौ भने तिम्ले !

आँसु जति आफै पिई, बस्नु छैन जिई,
भोगी बन्छु, कि त मर्छु, छोड्यौ भने तिम्ले।

बिहे हुँदा तिम्रो

खै के के हुन्छ, मन खल्लो हुन्छ, बिहे हुँदा तिम्रो
सम्हालु भन्छ, भित्री मन रुन्छ, बिहे हुँदा तिम्रो

रोजेको सबै पाइन्न फेरि, बसुँ म के हेरी,
भुल्ने नै वस्तु, लौ भन कुन छ, बिहे हुँदा तिम्रो

बर्सिनु पर्‍यो आँसुले आँखामै, विरही भाका भै,
आकनशभरि, बादलले छुन्छ, बिहे हुँदा तिम्रो

यस्तै हो रीत, हार र जित, भनुँ म को सित,
सम्झेर ल्याउँदा, परेली धुन्छ, बिहे हुँदा तिम्रो

हजारौँ स्वप्ना बुनेँ, पिँजडा भो मै आफै थुन्ने,
देखेको सपना, पोखेर चुन्छ, बिहे हुँदा तिम्रो ।

स्वर्ग नर्क सबै

तरेपछि, थाहा हुन्छ स्वर्ग नर्क सबै
मरेपछि, थाहा हुन्छ स्वर्ग नर्क सबै

परीक्षण र परीक्षा, बाँकी भो समीक्षा,
गरेपछि, थाहा हुन्छ स्वर्ग नर्क सबै

बाईबल कुरान, भन्छ मान्छे पुराण,
परेपछि, थाहा हुन्छ स्वर्ग नर्क सबै

भीरमा फल्ने फर्सी, शिरको शिरबन्दी ,
झरेपछि, थाहा हुन्छ स्वर्ग नर्क सबै

अमृतको संसारमा, एकै थोपा विष,
भरेपछि, थाहा हुन्छ स्वर्ग नर्क सबै ।

माया अन्तै लायौ

हिजो मैले चाहँदा त, माया अन्तै लायौ
आज व्यर्थै किन हो, तिमी नजिक आयौ

हुन्न माया करले, बिना अंश हरले,
हित्तचित्त दुखेर, भैगो अब अघायौ

पाएपछि गुलियो, त्यतै तिमी भुलियौ,
अब के नै चाहियो, धाउनुसम्म धायौ

हुन्छ भनी भाका सारेँ, आखिर बारै बारे,
यो पागललाई झुक्क्याएर, के नै पायौ

कुरै गर्नु छैन जालीको, झेली कालीको,
तिनकै पछि लाग्दा, धेरै हन्डर खायौ ।

आ’को बाटो

आ’को बाटो फर्की गयौ
नदेखेझैँ तर्की गयौ

बल्झाई पुरानो घाउ,
नूनपानी छर्की गयौ

बोलाएर माफ माग्छु,
बिनागल्ती झर्की गयौ

निशानाको केन्द्रबिन्दु,
ताक्दाताक्दै लर्की गयौ

सुनामी भै जीवनमा,
मुटु त्यसै थर्की गयौ।

रुवाउँदिनँ म

कसम तिम्रो आत्मा जलाएर रुवाउँदिनँ म
काउकुती लाग्छ हो चलाएर रुवाउँदिनँ म

हिजो कता छोएँ गाल पाएँ आज चाल पाएँ
टम्म गाग्री डम्म ढलाएर रुवाउँदिनँ म

तिम्रो मायाले जलन भो सहन मैले सकिनँ
बनेर बैसाख सलबलाएर रुवाउँदिनँ म

कुन भेग थियौ तिमी कस्तो आवेगमा मस्त
श्राप लाग्ला तिम्रो अलमलाएर रुवाउँदिनँ म

फूलमा मौरी भई डुले माफ गर भूल भए
आटकाट चौघाट गलाएर रुवाउँदिनँ म ।

रोजी उनी

काली हाँडी जे भन रोजी उनी
हजारौँमा एउटै खोजी उनी

सर्माउँछ पुष्प मुहार हेरी उनको,
सर्वगुण सम्पन्न सोझी उनी

मेरो मुटु प्यासमा पानी घुटुघुटु,
बच्चा म कङ्गारुको गोजी उनी

म त मन्दिर गजुर मात्र हजुर,
फरफर पताका ध्वजी उनी

सँगै जिउने मर्नै परे बिष पिउने,
जीवन मृत्यु सबै हो जि उनी ।

मेरो देश

मेरो देश शोषक र सामन्तीले बिगारेको
उग्र यथा जे भन बामपन्थीले बिगारेको।

सत्ता गिराउने र फिराउने फोहोर खेल,
कुर्सी भागबण्डा उल्टो गन्तीले बिगारेको।

ठोस निर्णय सम्वाद र छलफलमा गऱ्या भए,
तै भन मै भन यस्तै भनभन्तीले बिगारेको।

प्रगति त हत्या हिँसा वृद्धि भा'कै छ यहाँ,
छ सय एक मलामी र जन्तीले बिगारेको।

भाइ भाइमा नाता टुटे दुस्मनले गह्रा लुटे,
दाजु भाइमा लडाउने क्रान्तिले बिगारेको।

बिर्सनेलाई सम्झन्छु

बिर्सनेलाई सम्झन्छु पागल बन्छु
बेहोसीमा के के भन्छु पागल बन्छु

जब हुन्छ अँधेरी,बस्छु म तारा हेरी,
आँला भाँची भाँची गन्छु पागल बन्छु

तस्बिर हेरी टोलाउँछु,अनि बोलाउँछु,
बोल्दैन त्यो कराउँछु पागल बन्छु

चुँडी जान्छ यादहरू, अनि म के गरुँ,
बेवारिसेजस्तै हुन्छु पागल बन्छु

भयो आफ्नो पराई, झुटो मलाई गराई,
परेलीको डिल धुन्छु पागल बन्छु।

रुवायो हँसाउनेले

रुवायो हँसाउनेले, झुटो माया लाउनेले
साथ अन्तै पाउनेले,झुटो माया लाउनेले

निदरीमा झस्काइदिन्छ, मुटु चस्काइदिन्छ,
मिठो भाका गाउनेले, झुटो माया लाउनेले

मुटुभरि घाउ दियो, बदनामी नाउँ दियो,
इन्द्रेणीझैं छाउनेले, झुटो माया लाउनेले

हाँसोजति चोरी भाग्यो, बदलामा आँसु राख्यो,
अँगालोमा आउनेले, झुटो माया लाउनेले

नपुगुन्जेल चाहना, अनेक गर्‍यो बहाना,
तिर्खा लाग्दा धाउनेले, झुटो माया लाउनेले ।

मनै फाटेर पो हो कि ?

मिसकल पनि नहान्ने मनै फाटेर पो हो कि
सन्देश पनि आ'को छैन भुल्नै आँटेर पो हो कि

भन्छ मोबाइल सधैँ, पुनः प्रयास गर्नु होला,
जाल कि त तिम्रै न त फोनले ढाँटेर पो हो कि

घन्टी बज्दा नि तर्सने म, तिम्रै भनी हर्षने म,
तड्पाइदिन्छ यसै गरी डाँडै काटेर पो हो कि।

मनैभरि हुन्छ के के शङ्का,जलाई सक्यो लङ्का,
लाग्छ आस अझै नम्बर कतै साटेर पो हो कि

तिम्लाई कहिल्यै छोड्दिनँ, भन्थ्यौ आज टाढा किन,
पिरतीको बन्धन कतै अन्तै बाटेर पो हो कि।

ल्हासो सम्दी ल्हासो

ल्हासो सम्दी ल्हासो आले रोदी जाऊँ कि क्या हो
टुना र डम्फु तालमा सेलो गाऊँ कि क्या हो !

मैच्याङसँग नाच्न गाउन पनि मन छ,
धकै भै'न हल्का आईराक खाऊँ कि क्या हो !

ढाका चोलीले पागल भएँ तिम्रै बोलीले,
छ्युमुलुङ नाच नाच्दै पिरती लाऊँ कि क्या हो !

आप्पालाई भेटी हात माग्न आउँछु तिम्रो
चिना हेर्न लामा बोमबोले ल्याउँकि क्या हो !

हित्तचित्त मिले त गर्ने थिएन ढिलो त,
पोङ लिई ढोग गर्न आजै आऊँ कि क्या हो !

आजकल मलाई

आजकल मलाई मायामा फस्ने रहर भयो
फन्को मारी मारी जगियामा बस्ने रहर भयो !

नौलो नाता जोड्नेलाई रातो घुम्टो ओड्नेलाई,
सुटुक्कै एक चिम्टी सिन्दूर घस्ने रहर भयो !

एकै बार हो मर्दको बोली बन्दुकको त्यो गोली,
जे जे पर्ला त्यै नै टर्ला गोडा धस्ने रहर भयो !

हिँड्दा सँगै साथी बच्चा बोकी तकैँ म जिब्रो टोकी,
नौलो त्यो सृष्टिको दरबार पस्ने रहर भयो !

सुख दुःखमा साथ दिने लड्न लाग्दा हात दिने,
एउटीलाई अक्तमालमा कस्ने रहर भयो !

माइतै घर पार्वती

कति बस्छ्यौ भन माइतै घर पार्वती
चौतारीमा कुरिबस्छु बेसी झर पार्वती।

सधैँ तिमी देख्नै पर्ने, भन अब के गर्ने,
बिन्ती छ मेरो यतै बसाइँ सर पार्वती।

रुन्छ मन रातिमा,हिर्काउँछु म छातीमा,
फोनै नगरे नि मिसकल गर पार्वती।

मायाको भण्डार रित्तो र पो मन विरक्त,
नशालु त्यो प्रेमको जहर भर पार्वती।

यो संसारै त्याग्नु पर्छ, तिम्लाई भुल्न म,
र त मलाई भनिदेऊ न मर पार्वती।

पानी भएँ तिम्रो

पानी भएँ तिम्रो अधर तल झर्न पाउँथ्यो
सलबलाउँदै अङ्गमा रङ्ग भर्न पाउँथ्यो।

रुझाएसि पानीले, अङ्ग-अङ्ग तिम्रो,
सोधु जस्तो एउटा कुरा केही गर्न पाउँथ्यो।

राख्दा-राख्दै पानी, डुबाएको भए तिम्लाई,
अर्कै मज्जा सँगै खोली तर्न पाउँथ्यो।

लाजका गहना वस्त्रले छोपेजस्तो बहाना,
बहाना नै नभइदिए इन्द्रेणीझैँ छर्न पाउँथ्यो ।

घाँसजस्तै मौलाएको जवानीले बौलाएको,
नयनहरू रमाई रमाई मृगझैँ चर्न पाउँथ्यो।

जतातत‍ै तिमी

जताततै तिमी अँधेरी रातमा पनि हुन्छ्यौ
मैले खाने हर गाँसको भातमा पनि हुन्छ्यौ !

जब म निदरीमा तिमी मेरो चुदरीमा,
रातैभरि तिमी सँगै हातमा पनि हुन्छ्यौ !

पागल भन्छन् देख्नेहरू भन्ने हैन अरू,
एक्लै एक्लै बर्बराउने बातमा पनि हुन्छ्यौ।

आँखैमा तिम्रो चित्र स्मृति छ दिलभित्र,
र पो तिमी चिट्ठीको खातमा पनि हुन्छ्यौ !

नशामै जिए पनि जहर त्यो पिए पनि,
मदहोश या बेहोश मातमा पनि हुन्छ्यौ !

इन्जो इन्जो चाइनेजो

इन्जो इन्जो चाइनेजो चाइने बुढो मरेछ
लेकमा अनि बेसीमा पाइने बुढो मरेछ !

आफु जस्तै खाली पेट रेटिरन्थे सारङ्गीमा,
रेट्दा रेट्दै सारङ्गी त्यो गाइने बुढो मरेछ !

दुख बिरामी हुँदा बालबच्चा र बूढाबूढी,
नबोलाउँदा नि झट्टै आइने बुढो मरेछ !

धामी थियो उनी झाँक्री थियो, बोक्सी समाजको,
बज्र हो कि बाण पऱ्यो धाइने बूढो मरेछ !

अर्म पर्म धर्म कर्म पऱ्यो भने गाउँघरमा,
खुवाएर अरूलाई खाइने बूढो मरेछ !

मध्याह्नमा याद बनी

मध्यान्हमा याद बनी बासै हर्छ उनले मेरो !
थालैभरि छचल्केर गाँसै हर्छ उनले मेरो !

आत्मा मेरो परानि जलाएर भयो खरानी,
मुर्दा होइन जिउँदो लासै हर्छ उनले मेरो !

दिनको चयन रातको निद छैन मसित,
एक पल हैन बाह्रमासै हर्छ उनले मेरो !

अपेक्षा म के राखुँ प्रतीक्षामा म के गरूँ,
थमाएको हजार नि आसै हर्छ उनले मेरो !

धड्कन रोक्छ ढुकढुकीको मै 'जेन' दुःखीको,
मर्छु होला त्यत्तिकै म सासै हर्छ उसले मेरो !

जानुभन्दा पर पर

जानुभन्दा पर पर सम्झ मलाई तर
बदनामै गर गर सम्झ मलाई तर।

कुरिबस्छु सागरमा लत्रिएर बगरमा,
झुन्डिएरै सक्छ्यौ मर सम्झ मलाई तर।

मुटु बनाऊ तिम्रो ढुङ्गा सम्झिरन्छु मै बुङ्गा,
गाउँ छोडी बेसी झर सम्झ मलाई तर।

छाती जल्छ पलपली पसिना भो खलखली ,
कलेजीमा विषै भर सम्झ मलाई तर।

सँगै रुने न्याउली पनि गयो पराई बनी,
सम्झी रुँदा धर धर सम्झ मलाई तर।

म त लाहुरे

छ महिनाको छुट्टीमा गाउँमा म त लाहुरे
ढोग गरेर बा आमा पाउमा म त लाहुरे।

भन्दै गयो रनिङ जिम नौ मैनाको तालिम,
घरजम गर्ने मन दाउमा म त लाहुरे।

कहिले पुगेँ राजस्थान कहिले देह्रादुन,
ड्युटी मेरो कारगिल ठाउँमा म त लाहुरे।

भएको छ अङ्ग भङ्ग डर्दैनौँ भो मृत्युसँग,
नहेरेरै लडिरहेँ घाउमा म त लाहुरे।

आई लागे जाई लाग्ने तर पछि किन भाग्ने,
जहाँ जाउ जता गोर्खे नाउँमा म त लाहुरे।

छन्द हौ तिमी

गजलमा या कवितामा छन्द हौ तिमी
शिशिर हावा झोक्का मन्द मन्द हौ तिमी !

हुन्छु म त अधुरो आँसीभन्दा मधुरो,
नङमासुको झैं नाता सम्बन्ध हौ तिमी !

बनाइदियौ अत्तर थिएँ म पत्थर,
जाई जुही मखमली सुगन्ध हौ तिमी !

सीता भनुँ त्यो नि हर्छ फूल भनु झर्छ,
चाँदकी परी अजम्बरी चन्द हौ तिमी !

सोकेसको काँच तिमी सुहागमा फुट्नी,
सौन्दर्यकी खानी त्यसैमा बन्द हौ तिमी !

रगत रातै सबैको

काटी हेर मान्छे रगत रातै सबैको
महिला पुरुष मात्रै हो जातै सबैको !

फूल चढाउ या अमृत मन्दिर उही,
देउता एउटै फरक हातै सबैको !

भन्छ मान्छे जातजाति छैन तलमाथि,
भनाइ र गराइ भिन्नै घातै सबैको !

कामी दमाईं राउटे भन्दै नारा लाउँथे,
लागु हुने कहिलेदेखि बातै सबैको !

मेची महाकाली जनता सारा उचाली,
एउटा मोर्चा बनाउँ कि तातै सबैको !

तिम्रै हातले सुनपानी

तिम्रै हातले सुनपानी छर्के पछि मर्छु म
सूर्य पनि पश्चिमतिर फर्केपछि मर्छु म !

वाचा हाम्रो सयौँ जुनी एक अर्काको छ हु नि,
दिल त हाम्रो सिसा न हो चर्केपछि मर्छु म !

बाँचेको छु उनकै लागि देवी देउता भाकी,
त्यै मायालाई बोलाउँदा तर्केपछि मर्छु म !

तिमी नै हो आयु मेरो चाहे घटाऊ बढाऊ,
लत्याएर यो दुःखीलाई झर्केपछि मर्छु म !

यो मुटुमा सानो घर तिम्रो मात्रै नाम थर,
त्यसैभित्र भुइँचालो छ थर्केपछि मर्छु म !

जूनलाई थाहा छ

म रोएको आकाशको जूनलाई थाहा छ
हैन भने कि त मात्र उनलाई थाहा छ !

तार छिने नि रेटिरा'छु विरहमा म त,
दुखाइ मेरो सारङ्गी धुनलाई थाहा छ !

बन जले पो देख्छ मान्छे निभाइन्छ पनि,
मन जलेको यहाँ कुनलाई थाहा छ !

पत्थर म लाहा पाए साथ चम्किदिन्छु,
महत्व त मूल्यवान् सुनलाई थाहा छ !

दुखियाको कथा व्यथा दुनियालाई के था,
नसा नसा भई हिंड्ने खुनलाई थाहा छ !

माया प्रेम मैले नि

माया प्रेम मैले नि लाएथ्यो कुनै बेला
नछुट्टिने कसम खाएथ्यो कुनै बेला !

कृष्ण म बाँसुरीमा उनी आइन् राधा भै,
यस्तै यस्तै रहर आएथ्यो कुनै बेला !

मेरो गीतको नृत्यङ्गना रङ्गमञ्चमा,
संयोगान्ति गीत त्यो गाएथ्यो कुनै बेला!

बल्थैं म दियोझैं तेल उनी कलशको,
निभी जाँदा मरुँझैं चाहेथ्यो कुनै बेला !

थुक निल्ने यो दुनियाँ हाम्रो जोडीदेखि,
त्यस्तो साथ कसैको पाएथ्यो कुनै बेला !

छड्के सलाम

मलाई छोडी अन्तै जान्छौ भने छड्के सलाम
चुरा पोते अर्कैको छान्छौ भने छड्के सलाम !

सोचें तिम्लाई आफन्तै जानु रैछ तिमी अन्तै,
पराईझैं बिरानो ठान्छौ भने छड्के सलाम !

हजार चाहा गाँसी मायामा तिम्रो भए दासी,
मुटुमाथि त्रिशुल हान्छौ भने छड्के सलाम !

जस्ले तिम्लाई सुख दिन्छ उसैको पूजा गर,
ढुङ्गालाई देउतै मान्छौ भने छड्के सलाम !

अमृत पिलाऊ सर्पलाई डस्छ विषैभरि,
विष घोली अमृत खान्छौ भने छड्के सलाम !

मलाई मन पर्ने मान्छे

मलाई मन पर्ने मान्छे रिसाएरै बसेको छ
परेलीको डिल आँसुले चिसाएरै बसेको छ !

केमा दुख्यो हित्तचित्त छ कि माया कोहीसित,
ठेकीभरि दहीमा मही मिसाएरै बसेको छ !

जिन्दगीको यात्रा नाउमा पुग्नु छ सही ठाउँमा,
किनार लगाई जहाज बिसाएरै बसेको छ !

मनको आरिस दिलैको घट्टमा खिटीखिटी,
बिनाघान जोबन त्यसै पिसाएरै बसेको छ !

सानै भूल पनि भाउ खोजेर दाउ खोजेर,
काँडामाथि गुलाबलाई घिसाएरै बसेको छ !

कस्तो रीति

ढुङ्गालाई ढोग्ने कस्तो रीति
जाँड रक्सी बोक्ने कस्तो रीति

भन्छ बिहे पास्नी, आफै नास्नी,
पञ्चेबाजा ठोक्ने कस्तो रीति

दाइजोपात खोज्छन् मान्छे,
रित्तिएर खोक्ने कस्तो रीति

भाषण गर्ने शोषण गर्छ,
छैन कोही रोक्ने कस्तो रीति

पाठपूजा गर्ने पण्डित बा,
भट्टी गई धोक्ने कस्तो रीति ।

साली खोज्दाखोज्दै

साली खोज्दाखोज्दै मरिन्छ कि म त
काली खोज्दाखोज्दै मरिन्छ कि म त

भरूँ म कहाँ ? हत्केलाको सिन्दूर,
खाली खोज्दाखोज्दै मरिन्छ कि म त

गुलाब रोपेँ दिलको बगैँचामा,
माली खोज्दाखोज्दै मरिन्छ कि म त

बगेका छन् कुलो नयनबाट,
आली खोज्दाखोज्दै मरिन्छ कि म त।

आजभन्दा हिजो

आजभन्दा हिजो, हिजोभन्दा कति अस्तितिर
साह्रै मज्जा भएको थ्यो आईराके मस्तीतिर !

सोल्टेनीको के कुरा माथि माथि लेकैमा त्यो,
छिरेपछि थाहा पाएँ घान्द्रुकको बस्तीतिर !

सालैज्यूमा नाचियो घुमाउने घर रोदीमा,
रोईला पनि गाइयो न्होलो राजा हस्तीतिर !

लग्यो दिलै चोरी मोरीले हिमालकी छोरीले,
पागल जस्तै बनायो हिँड्दै जाँदा गस्तीतिर !

स्वर्ग पाए धर्तीको इन्द्र चन्द्र त्यतै हजुर,
पार्वतीको के कुरा र अप्सरा नै जस्तीतिर !

सिन्दूर चुरा हेरी बस

बूढाबूढी भा'का सासू ससुरा हेरी बस
सुन काली पोते सिन्दूर चुरा हेरी बस !

गए पनि मेलामा खाना ख्वाऊ बेलामा,
साना साना बालबच्चा र भुरा हेरी बस !

औँसी आउँछ नरुनु अँधेरीमा तिमीले,
जूनझैँ हाँस्नु जूनलाई पूरा हेरी बस !

मलाई पीर छ छुट्दा आफ्नै मुटु यो,
र म आफै मलाई भुल्ने कुरा हेरी बस !

आउँछु म सधैँ सपनीमा रातको तिम्रो,
सिरानी यो मेरोलाई पाखुरा हेरी बस !

लड्नु परे लड्छु

समाज उता एक्लै म लड्नु परे लड्छु
तर माया गर्छु फाँसी चढ्नु परे चढ्छु !

बाटैभरि बिछाइदेऊ काँचको सिसा,
खाली पैदल टेकेरै बढ्नु परे बढ्छु !

कसम जुनी जुनीको मात्र म उनीको,
चितामाथि जिउँदै म डढ्नु परे डढ्छु !

पाएँ भने त्यो साथ थमाइदिने हात,
सारा जीवन भीरमै अड्नु परे अड्छु !

एक्लै पाऱ्यो भने हाम्रो प्रेम माऱ्यो भने,
म पनि त मरिदिन्छु सड्नु परे सड्छु !

खाए खाऊ

खाए खाऊ स्वइच्छा घिच भन्दिनँ म
घाउमाथि औँलाले थिच भन्दिनँ म !

गुरुङको छोरो भन्छन् मलाई मोरो,
कसैलाई नि उच नीच भन्दिनँ म !

यात्रा समुद्रको नाउ यो जीवनको,
पौडिएर तरुँला बीच भन्दिनँ म !

ढलेको छ ढलाएको छ भाग्यले म,
लात्ता राखी त्यसैमा किच भन्दिनँ म !

दुःख मेरो सहारा दुखी मेरो मित्र ,
सारा पीडा थपेर खिच भन्दिनँ म !

अब फोनै नगर भो

अब फोनै नगर भो टाढातिर हुन्छु म
लोकले चट्टै भुल्ने अखाडातिर हुन्छु म !

धनकै बजारमा भेटेँ तिमी हजारमा,
शहर तिम्रो जे गर डाँडातिर हुन्छु म !

आज मन दुखेर शिरको फूल झुकेर,
फूलले पनि बिझायो काँडातिर हुन्छु म !

समाज देखि सहन्न जोडी देखी हामीको,
बन्धन तोडी मायाको छाडातिर हुन्छु म !

तिमी बिना मर्न नि सकिनँ विष भर्न नि,
मिल्ने साथी तिनपाने हाडातिर हुन्छु म !

आफन्तको के कुरा

आफन्तको के कुरा मुटु टाढी आएँ
नेपाल छाडी हजुर म खाडी आएँ !

विवशताको खेतीमा जीवन आधा,
बालाबैसा बेचेर बाँकी दाडी आएँ !

जीवनयात्रा न हो बाटाहरू कस्ता,
सीधा हिँड्न नजानेर नै ठाडी आए !

बगाएर पसिना साउनझैँ यहाँ,
मरुभूमि यो सङ्घर्षको बाढी आएँ !

रहरैमा बनाएँ बालुवाको घर,
मुटुमाथि आफै त्रिशुल गाडी आएँ !

नदेऊ जोबन

अल्लो पल्लो घरकालाई नदेऊ जोबन
छाडी जाने अर्कालाई नदेऊ जोबन !

जीवन यो यथार्थ भोग्नु छ जाला व्यर्थ,
पानपाते धर्कालाई नदेऊ जोबन !

सहनु बरु दूध दिने गाईको लात्ता,
खुट्टी ठुट्टी तर्कालाई नदेऊ जोवान!

प्रेम प्याला पिलाएर जान्छ बिलाएर,
एकै घुट्को सर्कालाई नदेऊ जोबन !

रोज्नु जुनी काट्ने हल्का सोच पर्ला ढाँट्ने,
आलोकाँचो लर्कालाई नदेऊ जोबन !

उता झरी होला

यता मेघ गर्जेको छ उता झरी होला
भिजाएर जवानी थला परी होला !

विश्वास टुट्यो निराशाको मूलै फुट्यो,
आँखा लोभी मन पापी के के गरी होला !

नहुँदाको उपस्थिति के के गतिविधि,
नमेटिने रङ्ग कोहीसँग भरी होला !

कस्तो यो पलाँस रूपमात्र छैन खास,
बिना वसन्ती किन सुवास छरी होला !

देखेर नै अकेली फूलेझैं जाईजुही,
आँखा लाउने त्यसैमा नानाथरी होला !

बर्बराउँदा पागल भने

कालो कालो नौ पाली बर्बराउँदा पागल भने
नयनभित्र हाली फर्फराउँदा पागल भने !

बिनापानी बादलै हुँ दुनियाको पागलै हुँ,
बर्सात् सरी फेरि झर्झराउँदा पागल भने !

मरुभूमिमा फूल रोपेँ पत्थरमा प्रीत खोपेँ,
प्यासी भएँ मायामा हर्हराउँदा पागल भने !

सच्चा मायालाई मारिन्छ काँडेतार बारिन्छ,
स्वार्थी समाज उही मर्मराउँदा पागल भने !

मायामा म अन्धा भएँ गन्तव्यहीन धन्दा भएँ,
औँसी पूर्ण एकै भो धर्मराउँदा पागल भने !

धोका दियो नभन्नु

धोका दियो नभन्नु अनेक भार थियो
आउँ भने लिन हजार जङ्घार थियो !

म पनि त अधुरो हुँदा प्रेम यात्रा अपूरो,
नाङ्गो खुट्टा हिँडु खुकुरीको धार थियो !

भन्यौ तिम्ले बिहे गरौँ नत्र झुन्डी मरौँ,
मातृशोक त्यसै बेला कस्तो मार थियो !

सोच्थेँ मर्द भए आँट गर्दा केही हुन्न,
रूढिवादी समाज त्यसै त बार थियो !

भाँच्यो तर नभुल दुई मन जोड्ने पुल,
जोडुँ म कसोरी दुवै वारपार थियो !

यथास्थितिमा छ क्रान्ति

बामपन्थी मामपन्थी यथास्थितिमा छ क्रान्ति
सारा मन्त्री कुर्सी गन्ती बिनासित्तिमा छ क्रान्ति !

वैशाख एक हत्या जेष्ठ एकमा बलात्कार,
धेरै सुनेँ समाचार हर मितिमा छ क्रान्ति !

त्यही शोषक त्यही भाषक जनशासक,
हिजो थियो आज पनि त कुरीतिमा छ क्रान्ति !

गरिबी सर्वहारा रुवाएर जनता सारा,
तिम्रा त्यही अट्टहास खितीखितीमा छ क्रान्ति !

नातावाद कृपावाद हट्नुपर्छ एकै साथ,
नत्र फेरि गर्नेछु अर्को बेथितिमा छ क्रान्ति !

व्यर्थै आरिस किन ?

उन्नतिमा अरूको मुखमा न्याल पारिस् किन ?
देखाइदेऊ न गरेरै व्यर्थै आरिस किन ?

रोपे पक्कै फल्छ यो दुनियाँ त्यसै जल्छ,
मनैदेखि मनले मनलाई मारिस किन ?

बालुवामा पानी अनि ढल्केपछि जवानी,
के अर्थ बिनाबादल बर्सिने बारिस किन ?

सफलताले सगरमाथा अग्लो अझै त्योभन्दा,
धर्ती बसी आकाशको जूनतारा झारिस् किन ?

जीवन सङ्घर्ष हो त्यसपछिको हर्ष हो,
जित्नै पर्थ्यो त्यो खेलमा डराएर हारिस् किन ?

बिरानो ठाउँमा छु

दुनियाँको शहर तर सानो ठाउँमा छु
मरेर नि बाँचिरा'छु बिरानो ठाउँमा छु !

काँडा पनि फूल हुने पैसामाथि हुल हुने,
घटिया र फटिया बस्ने कानो ठाउँमा छु !

तन बेचेर धन किन्छ मनमायाको यहाँ,
स्वार्थै स्वार्थले छाएको छानो ठाउँमा छु !

बोल्नेको त पिठो बिक्छ देखावटी यहाँ टिक्छ,
धारमाथि नाचिरा'छु अचानो ठाउँमा छु !

सत्य बोले पाप हुन्छ नबोले त दाब हुन्छ,
मौजधारमा दोधारमा आ नो ठाउँमा छु !

याद तिम्रो नासो भो

याद तिम्रो नासो भो झुन्डी मर्ने पासो भो
दुनियाँको चासो भो झुन्डी मर्ने पासो भो !

गयौ तिमी डोलीमा सिन्दूरको होलीमा,
माया मेरो ध्वाँसो भो झुन्डी मर्ने पासो भो !

नमौलाएर माया हिँडिरा'छु बौलाएर,
दुस्मनको हाँसो भो झुन्डी मर्ने पासो भो !

गयौ जान्छु नभनी छक्कै परेँ म पनि,
बाई बाई ल्हासो भो झुन्डी मर्ने पासो भो !

चट्टै भुल्न पनि मैले सकिनझैं तिम्ले,
मुटु बिझ्ने टासो भो झुन्डी मर्ने पासो भो !

अघाएर नजाऊ छोडी

रस चुसेर भमराझैँ अघाएर नजाऊ छोडी
लाग्ला पाप मनमा माया जगाएर नजाऊ छोडी !

प्रेम मात भरेँ बेहोस–बेहोस लौन म त मरेँ,
मस्त मात चढाई फेरि भगाएर नजाऊ छोडी !

प्यारो तिर्खा लाग्दा यै खोली चट्टै बिर्स्यौ आजभोलि,
पाएपछि मुहानै दोष लगाएर नजाऊ छोडी !

शरण परे कृष्णहरि माया लाउने कसो गरी,
मागे जस्तै माया दिउला मगाएर नजाऊ छोडी !

प्रेम यात्रा उकाली गाह्रो भन्ज्याङ अनि देउराली,
पुग्न नपाई गन्तव्यमा थगाएर नजाऊ छोडी !

सार पाइनँ मैले

जसलाई चाहेँ उसैको सार पाइनँ मैले
अचानो भई बस्दा नि त धार पाइनँ मैले !

झुटो जुठो मायाजाल गहिरो–गहिरो ताल,
कोसिस गरे बाहिरिन पार पाइनँ मैले !

आफ्नै सम्झी सेवा गरेँ अरूको नै पेवा परे,
भिख माग्दा नि भिखारीझैँ झार पाइनँ मैले !

मूलै बाटो बन्द गर्छु सोच्छु अनि मात्र मर्छु,
दगुर्दा नि त छातीमाथि बार पाइनँ मैले !

माया भन्नु धोका हो मायालुलाई थाहा हुन्छ,
फल भन्नु पीडा भो उपहार पाइनँ मैले !

आउँछौ किन

मध्य रातमा बिथोल्न आउँछौ किन ?
निदरीमा झस्काई तड्पाउँछौ किन ?

अहिले त्यस्तो छैन जस्तो अतीत थियो,
थाहा भए नि आफै रुवाउँछौँ किन ?

डुबेको छु आँसुमा परेको छु पासोमा,
बादल बनी रुझाउन छाउँछौ किन ?

आफु सज्जन बन्न झुटो मलाई भन्न,
उनीउनी दोषको माला लाउँछौ किन ?

हरपल मेरो बाटो छेक्ने स्मृति बनी,
पठाएर यादहरू सताउँछौ किन ?

पानपाते फुली ऐ ठुली

पानपाते फुली ऐ ठुली गहनाले छोप्यो हैन
झ्याइँ झ्याइँ डोलीमा होली सहनाले छोप्यो हैन !

सिन्दूर पोते थमाउने घुम्टोभरि रमाउने,
साँच्चि नै हिजोभन्दा आज लहनाले छोप्यो हैन !

बैँस जोबन ओठैभरि भा'को बेला टम्म गरी,
फेरि खस्न थाल्यो भुइँभरि चाहनाले छोप्यो हैन !

मनमा खसखस ला'को कोही आई बस भा'को,
त्यही मिठो चाहनालाई बहानाले छोप्यो हैन !

जन्मघर छोड्नैपर्छ एउटा नाता जोड्नैपर्छ,
सधैँ सधैँ माइती घर रहनाले छोप्यो हैन !

लाली हुँ म

गालाभरि तिम्रै रङ्ग भर्ने लाली हुँ म
सुक्ने छैन लाली तिम्रो छेक्ने आली हुँ म !

अङ्ग–अङ्गभरि रङ्ग भर्छु नानाथरी,
झिमिक्कै परेलीको गाजालु काली हुँ म !

रसबिना फूलको पानीबिना मूलको,
भन्छन् के अर्थ रक्षा गर्ने माली हुँ म !

वारि पाखा देउचुली पारि बरचुली,
दुई पाखाको बीचमा देउराली हुँ म !

आँसु झर्दा पुछ्ने हरपल मर्म बुझ्ने,
हाँसोमाथि हाँसो भई थप्ने ताली हुँ म !

दिलैबाट हटाऊ अब

सक्छ्यौ माया मेरो दिलैबाट हटाऊ अब
रित्तो बनाई पराई माया अटाऊ अब !

मेरो बातमा झर्किन्छौ रे टाढा तर्किन्छौ रे,
याद हुने बस्तु सबै डाँडै कटाऊ अब !

बर्बर आँसु झारी बनाउँछु म पोखरी,
हाँसो लिई मेरो आँसु तिम्रो पठाऊ अब !

तिम्रो बाटो छेक्ने छैन अब म देख्ने छैन,
भेट्ने दिन शतप्रतिशत घटाऊ अब !

तिमीलाई मैले चुनेको मायाजाल बुनेको,
भै'गो त्यो पनि अतीत सम्झी फटाऊ अब !

त्यै खेलमा परेँ म

झेली खेल रै'छ पिरती त्यै खेलमा परेँ म !
नजरबन्दी बनाई गयौ जेलमा परेँ म !

त्यो कथाको कलाकार भन्थ्यौ तिमी बराबर,
मञ्चमा तिमी पर्दा पछि ओझेलमा परेँ म !

फुल्दा म भमरा भै डुल्ने ओइली जाँदा भुल्ने,
झुटो स्वार्थी विचारको तालमेलमा परेँ म !

दैव पनि मैमाथि किन गर्छौ नानाभाँति,
धोका विछोड चोटको ठेलाठेलमा परेँ म !

किनारमा छाडिगयौ दोष दिई टाढी गयौ,
त्यसैमाथि बर्खे झरी ठाडी भेलमा परेँ म !

मुटु गाँठो पारी आएँ

छुट्ने बखत म त मुटु गाँठो पारी आएँ
बिदाइको हात हल्लाई आँसु झारी आएँ

नौ दिनमा नौलो बिस दिनमा बिर्सिएला,
हुन्न भनी पुनर्भेट आसै यो मारी आएँ

तनको दूरी भएँ नि मन त तर त्यतै,
रित्तो ज्यान लिई मन त उतै फारी आएँ

आउँछ साँझमा फेरि डुल्न गा'को चरी,
माया मेरो कागजमा राजिनामा सारी आएँ

सताइदिन्थ्यौ छिनमा नदेखेको दिनमा,
यै मनलाई छेक्ने क्षितिजले बारी आएँ।

सानो घर छैन

तिम्लाई राख्ने मनमा मेरो सानो घर छैन
माया माया भन्छौ तर मलाई रहर छैन !

त्यस्तो ममा के छ र तिम्ले अरू पाउँदैन र,
न त मेरो रूप छ न त कुनै भर छ !

मुटु माग्दा दिनुपर्छ मायालु भै हिंड्नु पर्छ,
एक्लो ज्यानै बेश होला मर्ने बाँच्ने डर छैन !

भुइँको धूलो म त नसजाऊ भो सिउँदोमा,
त्यति सस्तो म छु हेर जस्को मूल्य दर छैन !

लोभी म भाकै हैन जे चाहेको केही त छैन,
मिठो बोली दिन्थैं म त त्यै बोली नि तर छैन !

माया मार्न किन सक्थेँ

छिट्टै फर्की आउँछु म माया मार्न किन सक्थेँ !
सधैँ सधैँ तिमीलाई एक्ली पार्न किन सक्थेँ !

झुटो बोले मरीजाम सत्य सत्य रामाराम,
आश्वासनका भाका म धेरै सार्न किन सक्थेँ !

बसे फूलमाला उनी पराई कुरा नसुनी,
मिठो स्वागत त्यत्तिकै तिम्रो टार्न किन सक्थेँ !

सँगालेछु तिम्रै माया यै मुटुको दायाँ बायाँ,
जोडेपछि मुटु दुईतिर फार्न किन सक्थेँ !

सम्झे होली टाढा भयो तर माया गाढा भयो,
पुऱ्याएर चुचुरोमा तल झार्न किन सक्थेँ !

दियो बाली हेरेँ

अँधेरीमा हुँदा तिमी दियो बाली हेरेँ
साह्रै राम्री तिमी कलेजीमा टाली हेरेँ !

चौबिस क्यारेट बत्तिस लक्षिण तिमी,
सुनमा सुगन्ध थपुँ भनी गाली हेरेँ !

दुःख पर्दा भिज्ने धूलो पर्दा बिज्ने ,
यै आँखामा सिङ्गो तिमीलाई हाली हेरे !

गजगामिनी हौ तिमी पद्‌मिनी जस्ती,
मनमझेरीको चारै भिता चाली हेरे !

बुझे छैन खासै देखे झनै लाग्यो आसै,
सोही दिनदेखि माया गर्न थाली हेरेँ !

अमर हुन्छ माया

अमर हुन्छ माया मायालु मन फेरिन्छ नै
साथ पाए पहराको लहराझैँ बेरिन्छ नै !

चाहिँदैन हिरामोती हार माया नै हो सार,
भन्छन् मान्छे जो पनि तर यस्तै हेरिन्छ नै !

मुटुसँग मुटु साट्ने वाचा गरी पछि ढाँट्ने,
त्यै मायाले छोडी दिँदा कलेजी नै सेरिन्छ नै !

पराई हुनै दिन्न हँसाइराख्छु रुनै दिन्न,
मसी बनाई आँसुको छताछुल्ल केरिन्छ नै !

थोपा थोपा भर्नुपर्ने माया सागर भए नि,
त्यसैमाथि घात भए चुहिएर खेरिन्छ नै !

कोपिलामै च्याती दियौ

कोपिलामै च्याती दियौ फलाउन नि सक्दिनँ म
तस्बिर तिम्रो दियोमा जलाउन नि सक्दिनँ म !

मक्काइए नि मलै खाम्बो प्रेमको धमिराले झैं,
जसै गर सम्बन्ध त्यो ढलाउन नि सक्दिनँ म !

तिम्लाई दे’को मैले प्यार धोका पाएँ उपहार,
तर्किहिँड्छौ पहिलेझैँ बोलाउन नि सक्दिनँ म !

कलम चोपी आँसुमा अन्तिम पत्र लेखे मैले,
आँखा छोपी रुन्छौ भनी चलाउन नि सक्दिनँ म !

गयौ तिमी तर्की तर्की म त हेरेँ फर्की फर्की,
नयन अन्तै किन हो छलाउन नि सक्दिनँ म ।

तिमीलाई रुनु पर्ला

पश्चातापमा एक दिन तिमीलाई रुनु पर्ला
आँसुले नै आँसुले परेली डिल धुनु पर्ला !

लुट्दा तिम्रो अस्मिता धिक्कार लाग्ला अनि त,
चोयासरि खिप्दा खिप्दै फेरि तुनु पर्ला !

दोबाटोमा छोडिदिँदा तिम्रो साथ तोडिदिँदा,
साथ छुटेको न्याउलीझैँ अकेली हुनु पर्ला !

मेरो मनमा आगो लगाई टाढी गए पनि,
वाचा कसम सम्झी–सम्झी छाती छुनु पर्ला !

सपना त देखिन्छ जे पनि यथार्थ त्यो हुन्न,
त्यो चाहमा नडुबे भो पोखिएर चुनु पर्ला ।

याद आयो

धेरैपछि मनमा छुट्टै खालको याद आयो
अरू होइन त्यही माया जालको याद आयो !

सुनसान रातमा मात्र म र ऊ थ्यो साथमा ,
त्यही बेला साटेको अङ्कमालको याद आयो !

मस्त मस्त नाउमा जब शयर गर्दै थिए,
अनायासै फेरि सुनामी छालको याद आयो !

बैँसको मातै तनैभरि छेकुँ म कसो गरी,
स्मृति छ ताजै छुनमुन चालको याद आयो !

प्यालै उस्तो मातै जगाउने बर्बाद बनाउने,
आलटाल गर्दा पाएको गालको याद आयो ।

यति चोखो माया नि

यति चोखो माया नि सेतीझैँ भास्छ भन्ने के थाहा
मस्त मध्यान्न रातमै भाले बास्छ भन्ने के थाहा !

नाइँ भनुँ कसोरी म समीपैभरि तिमी हुँदा,
आखिर नाता पराईसँग गाँस्छ भन्ने के थाहा !

माया नै सर्वेसर्वा सुनिनँ मैले कसैको कुरा,
हुनेगरी छिया छिया मुटु नास्छ भन्ने के थाहा ?

फसेपछि मायाजालमा डुबेँ म आँसुतालमा,
छुट्दा माया दुस्मन गाउँले हाँस्छ भन्ने के थाहा ?

भत्केको घर बिग्रेको चाल भयो मेरो हाल,
त्यै भित्तामा बेइज्जत मेरो टाँस्छ भन्ने के थाहा ?

आखिर एक्लै हुनुपर्ने

आखिर एक्लै हुनुपर्ने माया के गराइ भो
सँगै रुने न्याउली त्यो पनि त पराई भो !

हिँडु भने काँडेतार त्यसमाथि तिरस्कार,
ला'को माया ओरालीमा हरिणको झराइ भो !

थमाएर छोड्यौ हात खोजें म त दिनरात,
समुन्द्रमा डुबेको टाइटनिक हराइ भो !

मनको घाइते म त तिम्ले चोट थपी रह्यौ,
चोटमाथि तिम्रो धोका नूनपानी छराइ भो !

किन हाँस्न मन लाग्नु किन बाँच्न मन लाग्नु,
थोरै खुसी त्यै पनि अन्तै बसाइँसराइ भो !

खडेरीलाई होला

खडेरीलाई होला आस झरीको माया दिन्छ
तिमीलाई म त्यस्तै अजम्बरीको माया दिन्छु !

रूमाल दिए फाटिजान्छ वाचा दिए ढाँटिजान्छ,
बाँचिदिने जनम मुटुभरिको माया दिन्छु !

जोबन बाजी राखी म त यो मन साँचिराखेँ,
गङ्गाजीमा बहने जलसरीको माया दिन्छु !

सुगन्ध बनी छाउन तिम्रै नगर धाउन,
दिलैभरि फक्रिने नाना थरीको माया दिन्छु !

जूनलाई सोधि हेरेँ छातीभित्र खोजिरहेँ,
तिम्रै सुन्दर चाह वरिपरिको माया दिन्छु !

परेली त्यो भर्न पाऊँ

म त तिम्रै गाजल बनी परेली त्यो भर्न पाऊँ
अरू कनै चाह छैन तिम्रै काखमा मर्न पाऊँ !

होला तिम्रो सिउँदो रित्तो सक्दा मेरो अस्तित्व,
बाँचुञ्जेल सिउँदोमा सिन्दूरझैं छर्न पाऊँ !

तिम्रै चाह वरिपरि बनाउँछु म पोखरी,
बादलझैं कालो केश झरी बनी झर्न पाऊँ !

पार गरूँ कसोरी मायाका जङ्घार हजारौं,
गाह्रो होला तर पनि तिम्रै खोली तर्न पाऊँ !

माछ्यालाई होला पानी तिम्रो साथ मलाई नि,
चन्द्रवदन पाखामा मायालु भै चर्न पाऊँ !

भन्दिन है म

भन्दिनँ है म हिरामोती जुहार दिउँला
मागी मात्र हेर अजम्बरी प्यार दिउँला !

पुग्ने कुरा मात्र गर्छु सक्ने कुरा दिन्छु म,
माया मायाले नै भरेको संसार दिउँला !

जिन्दगीका सयौँ जङ्घारमा सहयात्री म,
तिम्रै लौरी बनी म त खोली तार दिउँला !

बास्ना बनी आऊ ल चोखो माया लाऊ तिमी,
मन मञ्जरीमा छाउने झन्कार दिउँला !

त्यही हुन्छ मेरो सार जहाँ जहाँ अन्धकार ,
जूनझैँ बल्ने झलमल मुहार दिउँला !

फेवातालको आँगनीमा

फेवातालको आँगनीमा चोखो माया लायौँ हामीले
डुङ्गा चढी तालबाराहीको कसम खायौँ हामीले !

त्यो उकालीमा हात समाई गयौँ रमाई रमाई,
शान्ति गुम्बा चढ्दा एक अर्कालाई चाह्यौँ हामीले !

तिमी रागमा सुर मिलाइदिन्थ्यौ म सुरमा ताल,
छङछङ सेतीधुनमा प्रेमीगीत गायौँ हामीले !

हाम्रो माया होस् अजम्बरी सयौँ जुनीभरि भरि,
साक्षी राखी माछापुच्छ्रे फूलपाती चढायौँ हामीले !

मलाई तिमीले पाएको तिमीलाई मैले चाहेको,
मुटु गाँसी दुवै मनमञ्जरीमा अटायौँ हामीले ।

प्यासको पानी हौ तिमी

हर आशको मेरो प्यासको पानी हौ तिमी
पीडा त्यो देखिदिने आँखाको नानी हौ तिमी !

संसार चुम्न खोज्दा सहयात्री बनिदिन्छौ,
जीवन मृत्यु जे भन जिन्दगानी हौ तिमी !

अकेला हुँ दिलको सुनौलो दरबारमा,
राजकुमार बनिदिउँला रानी हौ तिमी !

अँगालोमा छाउँछौ मेरो स्वप्नमा आउँछौ,
त्यही अबोध निदरीको सिरानी हौ तिमी !

खुसीमा हाँसीदिने फूलमाला गाँसिदिने,
ममताले भरेको मायाको खानी हौ तिमी !

ठन्डी भा'को छ अचेल

बढेर जाडो अति नै ठन्डी भा'को छ अचेल
मेरो त मन उडेर रन्डी भा'को छ अचेल !

बल्दैछ आज पानीमा आगो देखेर तिम्लाई,
तातेको पानी जवानी हण्डी भा'को छ अचेल !

भन्छन दुई कि रूई फुई ठन्डीमा उखानै,
तिम्रो त्यो साथ गजबै मण्डी भा'को छ अचेल !

सिमली भुवाझैँ मेरो मन उडेर गगन,
चाहना मेरो खण्डी नै खण्डी भा'को छ अचेल !

शिशिर हावा हिउँदे हिउँ परेर मनमा,
कोमल मन सुकेर डन्डी भा'को छ अचेल !

फर्की आऊ है परदेशी

फर्की आऊ है परदेशी दियो बाली बसेकी छु
जाला भनी निभी त्यसैमा तेल हाली बसेकी छु !

तिम्लाई हानि मलाई नि हानि थाहा छ त्यो पनि,
पर्खाइमा बैंस जोबन त्यसै फाली बसेकी छु !

दिन ढल्छ आउँछ महिना तिमी आउने हैन,
भेट्ने दिन हिसाब गर्दै औंला चाली बसेकी छु !

सपनीमा त छुनुमुनु हो कि भनी भेट हुनु,
मझेरी र घरको चारै भित्ता टाली बसेकी छु !

विवशताको भुमरीमा प्रतीक्षाको खेती माया,
परेलीको डिल आँसुले नै पखाली बसेकी छु !

सात समुन्द्र तरी आएँ

तिम्लाई लिन म त सात समुन्द्र तरी आएँ
अग्लो त्यो देउचुली र बरचुली झरी आएँ !

फूलै लजाउने रूप तिम्रो डाह गर्छ अप्सरा,
आञ्जा लिई इन्द्रज्यूको शरण परी आएँ !

प्रेम नगरी जहाँ उद्यान थियो वरिपरि,
सुवास चोरी त्यसैको नै भमराझैँ चरी आएँ !

वारि दोभानमा म पारि तिम्रो जोबन देखी,
जोडी दिने सप्तरङ्गी इन्द्रेणीझैँ छरी आएँ !

दिलको मूलै ढोका बन्द यो खोलेँ आजै मैले,
रित्तो रित्तो मुटु मायाले नै भरी आएँ !

याद आउँदा तिम्रो

याद आउँदा तिम्रो सिरक ओडी रुनुपर्छ
घोप्टिएर बिछ्यौनामा लडीबोडी रुनुपर्छ !

अँधेरीले डस्छ दिन सक्दिनँ म नसम्झिन,
अनि तस्बिर तिम्रै छातीमा जोडी रुनुपर्छ !

सारङ्गीको धुनले आकाशमा हुने जूनले,
विरह नै पोखिदिन्छ सारा तोडी रुनुपर्छ !

पाखैभरि पिरतीको भाकै भरी नभेट्दा त,
हत्केलाले आँखा छोपी डा'को छोडी रुनुपर्छ !

इन्द्रेणी बनी आउँदा सम्झनाको तरेलीमा,
दर्शने ढुङ्गाझैँ टुक्रा टुक्रा फोडी रुनुपर्छ !

धेरै धेरै बाँच्नु तिमी

धेरै धेरै बाँच्नु तिमी म त मर्छु होला !
ओइलिएर फूलझैँ भुइँ झर्छु होला !

हाम्रो प्रेमको नासो तिम्लाई भो दाइजो,
अब कहिल्यै नभेट्ने वाचा गर्छु होला !

अतीत हाम्रो सपना सम्झी बिर्सीदेऊ,
शहर सुम्पी तिम्लाई बसाइँ सर्छु होला !

फल्नु फुल्नु जहाँ जूनझैँ बनी हेर्छु म,
पुतलीझैँ तर म दियोमा पर्छु होला !

खुसी मिल्छ भने तिमीलाई अन्तै धेरै,
एक्लो नाउमा आजै सागर तर्छु होला !

अब हामी भेट्ने दिन

अब हामी भेट्ने दिन जूनतारा पो झर्ला कि
सलल बग्ने खोला ठक्क रोकिन पो पर्ला कि !

रनफनी कुहिरोभित्र चरीझैं फनफनी,
देख्ने बेला संसारबाट टाढा–टाढा सर्ला कि !

झनै बिग्रिदो चाल छ दिनै यस्तै बेहाल छ ,
रुँदारुँदै यादमा म ज्यान सुकेर मर्ला कि !

तिमी पश्चिम मै पूर्व भएपछि दुई ध्रुव ,
खोज्दै जाँदा सात डाँडा सात समुन्द्र तर्ला कि !

किन बिज्छ हँ आँखैभरि मलाई घरीघरी ,
हिँडु भने सूर्यलाई कालो रङ्गले भर्ला कि !

धर्ती घर आकाश छानो

धर्ती घर आकाश छानो घामले जल्छ
आखिर को त नेपाली नै नामले जल्छ !

सोलुमा भारी बोक्ने कोसीमा गिट्टी ठोक्ने,
हातमुख जोड्नु नै गाह्रो मामले जल्छ !

विदेशिन्छ युवाशक्ति फितलो राजनीति,
भएर नै बेरोजगार कामले जल्छ !

त्यै सर्वहारा हली भई जीवनभर,
ब्याजमाथि स्याज सदैव दामले जल्छ !

झै–झगडामै नेपाल बन्द छाडातन्त्र,
यस्तै राम रामले चक्का जामले जल्छ !

सुनिबसेकी छु

तिमी आउँछौँ भनेको सुनिबसेकी छु
सयपत्री फूलमाला उनिबसेकी छु !

थमाउदै चुरा सिन्दूर लाउने कुरा,
ल्याइदिन्छ हजुरले तुनिबसेकी छु !

घुम्टोभित्र लजाई पञ्चेबाजा बजाई,
जाने दिन मनैभरि गुनिबसेकी छु !

रूमाल चिनो साटेको छैन नि फाटेको,
झनै पानपाते बुट्टा बुनिबसेकी छु !

विकल्प छैन अरू जुनी बित्ला बरू,
हजारौँमा एक तिमी चुनि बसेकी छु !

फूल हो कि जून तिमी

फूल हो कि जून तिमी धपक्कै बलेकोले
झलमल ज्यानै सब मैतिर ढलेकोले !

काँचो हो कि पाकेको साँची साँची राखेको,
टिपौँ जस्तो जवानी लटरम्मै फलेकोले !

अकबरी सुन तिमी कसी लाउनै पर्दैन भो,
पाउडरमाथि सोह्र शृङ्गार दलेकोले !

हँसिलो मुहारमा रसिलो त्यो अधरमा,
प्यास छ है मायाको बुझेँ मैले चलेकोले !

बुझ्नेलाई इशारा आँ गर्दा अलङ्कार,
होम्मिएँ म त देब्रे छाती तिम्रो जलेकोले !

रोदीमा छैन रोजी

रोदीमा छैन रोजी एक्लै म नाँच्ने छैन अब
मादलु र डम्फुमा कम्मर भाँच्ने छैन अब !

रङ्गमञ्च होला भिन्नै ताल एउटै हाम्रो,
दुई ध्रुव भई नाचे पनि आँच्ने छैन अब !

पछ्यौरी तिम्रो ओडेको सँगै रोदी छोडेको,
त्यै रोगले म बिरामी तर जाँच्ने छैन अब !

झझल्को छ मनमा ताजै सम्झे लाग्छ आजै,
धेरै भयो हरा'को जोबन साँच्ने छैन अब !

पराईको घुम्टो ओडी एक्लै मलाई छोडी,
गयौ रे "जेन" तड्पिएर बाँच्ने छैन अब !

मान्छे सोह्र साले

जान्दैन म आलेटाले तर म काले
डल्ले डल्ले भए नि मान्छे सोह्र साले !

सद्दे पाइन्ट टाल्दा बोके दाह्री पाल्दा,
तँ त साह्रै बिग्रिस् भन्नुहुन्थ्यो बाले !

लामोलामो बाल छैन निको चाल,
झालेमाले हजुर म भिन्नै खाले !

छैन मसँग न त रूप रङ्ग ढङ्ग,
तर कालीले मन पराउन थाले !

भिन्नै छ देखावटी तर बनावटी,
भए पनि जे जस्तो हैन छैन जाले !

थर सोधेँ मैले

पहिलो भेटमै झ्याप्पै घर सोधेँ मैले
डराएरै भए पनि थर सोधेँ मैले !

देखेर नै अकेली देउरालीमा पिपलु,
जीवन साथी खोई त बर सोधेँ मैले !

कमाउँदै ओठहरू चोर औँला टोकी,
केही त भन्न खोज्छिन् रहर सोधेँ मैले !

पाउने छैन घरी-घरी स्वर्गकी परी,
मौका छोपी मायाको लहर सोधेँ मैले !

ढुङ्गालाई माटो बटुवालाई बाटो,
मलाई तिमी जीवन भर सोधेँ मैले !

यो सम्झिने मन छ

यो सम्झिने मन छ तिमीले त भुले पनि
फेरि भेटौँ भन्छ जहाँ तिमी डुले पनि !

काँडा जस्तै म जति टाढा भए पनि,
बिझ्ने छैन तिमीलाई फूलझैँ फुले पनि !

बिन्ती मलाई नबिर्स अनि मेरो माया,
लहलह तिमी गुनकेशरीझैँ झुले पनि !

माया मात्र दिन्छु तिमीलाई अरू छैन रित्तो,
सस्तो बजार मायाको यत्रतत्र खुले पनि !

तिमी मेरो मनमा उडे पनि गगनमा,
बदनामी पिँजडामा मलाई हुले पनि !

सिसा सरी फुट्दा

झन्याम्मै सिसा सरी फुट्दा पनि इच्छा
बाँचिरा'छु समयले कुट्दा पनि इच्छा !

घिटिघिटी मर्न भनी तिम्रै काखमा,
दुई मनको दोसाँध टुट्दा पनि इच्छा !

मृत्यु शय्यामा तिम्रै नाउँ जपिरहन्छु,
घाम जूनझैं फरक छुट्दा पनि इच्छा !

सलाई कोरी जलाई मर्नु छ मलाई,
बिहानी किरणसँगै उठ्दा पनि इच्छा !

थाहै होला हाल मेरो कि त यसैबाट,
बाँच्नु छैन यहाँ मलाई जुट्दा पनि इच्छा।

फाटेर प्रेम पत्र

ममताको जहर छाती फाटेर प्रेम पत्र
यात्रा गाह्रो प्रेम नगरी आँटेर प्रेम पत्र !

उपहार हो कि सोह्र सत्र बसन्तको,
मौलाएको जवानीलाई छाँटेर प्रेम पत्र !

रगतकै पानपाते बुट्टा त्यसैमाथि,
भावनाको शब्द औँला काटेर प्रेम पत्र !

मुटु मेरो तिमी धड्कन पलाको,
तन मन जन धन साटेर प्रेम पत्र !

हृदयको झ्यालढोका बन्द गरी राख,
किन कि सोध्दा हुँदैन ढाँटेर प्रेम पत्र !

आँखाबाट अश्रुधारा

आँखाबाट अश्रुधारा खसेपछि मै भो जेन
झुटो जुठो मायजालमा फसेपछि मै भो जेन !

स्वार्थी मान्छे र समाज छोडी म त आएँ टाढा,
आफ्नो छुट्टै संसारमा पसेपछि मै भो जेन !

पागल नै हो यो जेन दुनियाका मान्छेमध्ये,
सेतो धर्का खरानीले घसेपछि मै भो जेन !

कोही आयो साक्कै बनी जिन्दगीमा मेरो पनि,
मुटुभित्र तीखो धार धसेपछि मै भो जेन !

आफ्नो को बिरानो सबै दुश्मनझैं भएपछि ,
आफ्नोले नै विष घोली डसेपछि मै भो जेन !

रूपै मायालु

चन्द्रमुखी गजगामिनी रूपै मायालु
डाह गर्लान् परीहरू नबन दयालु !

अधरपल्लव झलमल कर्केनजर,
मृगलोचनी नयन झनै गाजलु !

मोतीदन्ते लहर केश किन्नरी-किन्नरी,
सयौँ जुनी हेरीरहुँ मातै नशालु !

नितम्बिनी तुङ्गस्तनी किशलय भाका,
छनक्कै कटि कुच छन् र बैँसालु !

मृदु मुस्कान त्यसैमाथि सोह्र शृङ्गार,
क्लियोपेट्रा उपमा तर बोली शङ्कालु !

सिउँदो खाली

निधारमाथि सिउँदो खाली राख्छौ कति
उर्लिआ'को बैँसलाई फाली राख्छौ कति !

तातो तातो जवानीको भेल उर्ली आयो,
दायाँ बायाँ प्वालहरू टाली राख्छौ कति !

अँधेरीमा जुनेली उजेलीमा हुन्छ्यौ घाम,
धपक्कै बैँसहरू बाली राख्छौ कति !

त्यो उन्मादमा नि विश्राम आउँछ पक्कै,
किन त बुर्लुक बुर्लुक्कै छाली राख्छौ कति !

भमराले चुमिदिन्छ फूल जस्तै अधर,
ओइली जाला अधर माली राख्छौ कति !

गोधूलि रातै बेइमानी

भन्छन् कोही गोधूलि रातै बेइमानी
बिराएर कता छोएँ हातै बेइमानी !

अँधेरी साँझ माया लाउनेहरूलाई हो ,
नवजोडी त्यसैमाथि मातै बेइमानी !

मद्होसमा दुवैजना प्रेमको प्यालाले,
संसारनै बिर्सने यो जातै बेइमानी !

सर्वश्व नै सुम्पिने जोडे नाता हुने रे,
प्रेमी प्रेमिका भन्छन् त्यो नातै बेइमानी !

स्वर्ग देखेँ मैले त साथ पाएँ जहिले,
म त भन्छु प्रेमिकाको साथै बेइमानी !





जेन तमू (ज्ञानेन्द्र)

जन्म : २०४५ मंसिर २८

जवाङ ४, जोगीमारा, धादिङ

शिक्षा: बी .ए. सम्म

पिता : रत्न बहादुर गुरूङ

माता : स्यानी माया गुरूङ

अभिरूचि : कला / साहित्य

हाल : साउदी अरब

ggurung99@gmail.com



तमूका गजलमा विषयवस्तुगत भिन्नता पाईन्छ र यी विषयहरुलाई यिनले छोटो तथा मझौला आक्षरिक लयमा व्यक्त गरेका छन् । काफिया प्रयोगका सन्दर्भमा पनि यिनले सचेतता देखाएको पाइन्छ भने रदिफको प्रयोग पनि यिनले होसियारी साथ गरेका छन् । यिनका गजलमा सरल तथा सहज भाषको प्रयोग पाइन्छ र यी जटिल बनेका छैनन् । यी गजलहरुले उनको भावी लेखनको सौन्दर्य पक्षलाई सङ्केत गरिरहेको मैले पाएको छु ।

डा. कृष्णहरि बराल

समर्पण



9 789937 245074